का.जि.प्र.का.द.नं. १००/०५९/६०

वर्ष १९, अंक ३१७
२६ पुस २०७८, सोमबार
10 January 2022, Monday
www.madhyanhadaily.com
पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।



*तनहुँको व्यास नगरपालिका-५, पतेनी आधारभूत स्वास्थ्य केन्द्रमा आइतबार कोरोनाविरुद्धको खोप लगाउन सर्वसाधारणको भीड । व्यास नगरपालिकाका १४ वटै वडाका स्वास्थ्य संस्थामार्फत् भेरोसेल र एष्ट्राजेनिकाको दोस्रो मात्रा लगाउन सुरु गरिएको छ । तस्बिर : कृष्ण न्यौपाने/रासस*

### सीसीएमसीको निर्णय

# संक्रमण रोक्न प्रतिबन्धात्मक प्रबन्ध

कोरोना संक्रमणको नयाँ भेरियन्ट ओमिक्रोनका कारण संक्रमण दर बढेर गएपछि रोकथामका निम्ति प्रतिबन्धात्मक व्यवस्था लागू गर्न सीसीएमसीले सिफारिस गरेको छ ।

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २५ पुस ।

कोरोना संक्रमणको नयाँ भेरियन्ट ओमिक्रोनको खतरा बढेपछि कोभिड-१९ व्यवस्थापन समन्वय केन्द्र (सीसीएमसी) ले प्रतिबन्धात्मक व्यवस्था लागू गर्न सरकारलाई सिफारिस गरेको छ । सीसीएमसीको आइतबार बसेको बैठकले संक्रमण रोकथामका निम्ति प्रतिबन्धात्मक व्यवस्था लागू गर्न सरकारलाई सिफारिस गरेको छ ।

सीसीएमसीका प्रवक्ता सुनिता नेपालका अनुसार, रोकथामका निम्ति प्रतिबन्धात्मक १३ निर्णय भएको छ । सार्वजनिकस्थल, रेष्टुरेन्ट, शैक्षिक संस्था, हवाइ उडानमा प्रतिबन्धात्मक व्यवस्था लागू गर्न सीसीएमसीको सिफारिस छ ।

सीसीएमसीले सार्वजनिक स्थलमा २५ जना भन्दा बढी मानिस भेला हुन रोक लगाउने निर्णय गरेको छ । सार्वजनिक स्थलमा सबै प्रकारका राजनीतिक, धार्मिक, प्रशासनिक कार्यमा सतर्कता अपनाउनुपर्ने निर्णय गरेको छ । भीडको प्रकृति हेरेर स्थानीय प्रशासनले निर्णय लिनुपर्ने सिफारिस गरिएको छ । अर्को सूचना जारी नभएसम्म मेला, भेला तथा महोत्सव रोक्न पनि सीसीएमसीको निर्णय छ ।

सार्वजनिक कार्यालय, होटेल, रेष्टुरेन्ट, सिनेमा हल, रंगशाला, हवाईयात्रा, पार्क लगायतमा प्रवेश गर्दा खोप कार्ड अनिवार्य गर्न पनि सिफारिस गरिएको छ । आगामी ७ माघदेखि खोप कार्डको आधारमा प्रवेशको व्यवस्था मिलाउन स्थानीय प्रशासनलाई आग्रह गरेको छ ।

नेपाल प्रवेश गर्नुअघि एन्टिजेन परीक्षणलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गरिनुपर्ने निर्णय भएको प्रवक्ता नेपालले बताइन् । सार्वजनिक स्थानहरूमा निःशुल्क एन्टिजेन टेस्ट बुथहरु स्थापना गर्ने र नियमित खोप केन्द्र अभियान सञ्चालन गर्न सरकारसँग आग्रह गरिएको छ ।

विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानका पूर्वनिर्धारित सेमेष्टर वार्षिक परीक्षाहरू सतर्कताका साथ सञ्चालन गर्न भनिएको छ । भौतिक दुरी कायम गरेर परीक्षाको व्यवस्था गर्नुपर्ने सीसीएमसीको निर्णय छ । सीसीएमसीले कोरोनाको रोकथाम, नियन्त्रण र उपचारलाई थप प्रभावकारी बनाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग आग्रह गरिएको छ । विद्यालयहरु १५ माघसम्म बन्द गर्नपनि सीसीएमसीले निर्णय गरेको छ ।

आन्तरिक हवाई उडानमा अनिवार्य खोप कार्ड बोक्नुपर्ने पनि निर्णय भएको छ । आगामी ७ माघदेखि आन्तरिक उडानमा खोप कार्ड हुने यात्रुलाई मात्रै बोर्डिङ पास दिनुपर्ने निर्णय भएको छ ।

ओमिक्रोनका कारण संक्रमण बढेपछि प्रतिबन्धात्मक व्यवस्था लागू गर्न लागिएको प्रवक्ता नेपाललाई बताइन् । आइतबार सार्वजनिक प्रतिवेदनअनुसार १,१७६ जनामा संक्रमण पुष्टि भएको छ । एक हजार हाराहारीमा संक्रमण पुष्टि भएको यो लगातार चौथो दिन हो । बिहीबार देखि संक्रमणदर उच्च देखिएको छ । शनिबार ९४४ जनामा संक्रमण पुष्टि भएको थियो । आइतबारसम्म ६,७५५ जना संक्रमित उपचारत छन् ।

# गैरजिम्मेवार नेतृत्व



*गृह जिल्ला झापामा वाटर पार्कको उद्घाटन गर्न पुगेका एमाले अध्यक्ष केपी शर्मा ओली । तस्वीर: रासस*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ पुस ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली आइतबार गृह जिल्ला झापा पुगेका थिए। अध्यक्ष ओलीले शिवसताक्षी नगरपालिकामा बनेको पर्यटकीय वाटर पार्कको उद्घाटन गर्न पुगेका हुन् । ओलीले ५० करोडको लगानीमा बनेको वाटर पार्कको उद्घाटन गर्न दलबल सहित पुगेका थिए । जबकी नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई कोरोना संक्रमण भएकाले कन्ट्र्याक्ट ट्रेसिङमा परेका थिए ।

> कोरोना संक्रमणको नयाँ भेरियन्ट ओमिक्रोनको खतरा बढेपछि सरकारले प्रतिबन्धात्मक निर्णय लिने तयारी गरेको छ । तर राजनीतिक दलका नेताहरु भने यो खतराप्रति बेप्रवाह देखिन्छन् ।

प्रचण्ड सहभागी भएका बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवा शुक्रबार सहभागी थिए । त्यसै साँझ प्रचण्डलाई संक्रमण पुष्टि भएको थियो। प्रधानमन्त्री देउवाले शनिबार दिउँसो ओलीलाई भेटेका थिए । तर आइसोलेसनमा बस्नुको साटो ओली दलबल सहित झापाको सार्वजनिक कार्यक्रममा सहभागी भए ।

झापामै सत्तारुढ दल नेपाली काँग्रेसको पनि कार्यक्रम भइरहेको थियो । प्रदेश नेतृत्वमा निर्वाचित पदाधिकारीलाई स्वागत तथा सम्मान कार्यक्रम राखेको थियो। त्यो कार्यक्रममा महामन्त्री विश्वप्रकाश शर्माले सम्बोधन गरे ।

पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई पनि आइतबार सार्वजनिक सभामा सहभागी भए । राजधानी उपत्यकामा भएको राष्ट्रिय व्यापार संघ केन्द्रीय कार्यालयको १७औँ वार्षिक साधारणसभालाई भट्टराईले सम्बोधनगरे ।

सरकारकै मन्त्री प्रेम आले पनि दलबल सहित भैरहवा पुगेका थिए । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निरीक्षण गर्न त्यहाँ पुगेका थिए। बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेले पनि आइतबार महोत्सवको उद्घाटन गरे । उद्योग वाणिज्य संघ चितवनले नारायणी नदी किनारमा आयोजना गरेको महोत्सवको उद्घाटन मुख्यमन्त्री पाण्डेले गरेका थिए ।

कोरोना संक्रमणप्रति कुनै प्रवाह नगरी भएका कार्यक्रमका यी केही उदाहरण हुन् । प्रमुख विपक्षी दल एमालेको हरेक जिल्लामा अधिवेशन चलिरहेको छ । शुक्रबारदेखि शुरु भएको जिल्ला अधिवेशनका लागि एमाले नेता-कार्यकर्ताको भीड हरेक जिल्लामा छ । जबकी बिहीबारदेखि नेपालमा संक्रमणको जोखिम उच्च देखिएको छ । बिहीबार कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोनको २४ जनामा संक्रमण पुष्टि भएको थियो । त्यस यता हरेक दिन हजार हाराहारीमा कोरोनाको संक्रमण पुष्टि भइरहेको छ । आइतबार मात्रै एघार सय बढीमा संक्रमण पुष्टि भएको छ ।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड सहित केही नेताहरुमा संक्रमण पुष्टि भएको छ। माओवादीले ११ पुसदेखि एक सातासम्म महाधिवेशन गरेको थियो ।

# एशोसिएसनमा उम्मेद्वार छनोटको रस्साकस्सी जारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ पुस

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्षसहितको उम्मेद्वारी टुंग्याउन छलफल जारी राखेको छ । कतिपयले उम्मेद्वार दर्ता गर्ने दिन सोमबार मात्र उम्मेद्वार सिफारिस गर्ने निर्णय गर्नुपर्ने अडान राखेको कारणले निर्णय हुन नसकेको बताइएको छ ।

संघ कार्यसमितिमा अध्यक्ष, दुई पदाधिकारी र पाँच सदस्य पाएको एसोसिएसनमा नेतृत्वका आकांक्षीहरू सहमतिमा आउन नसकेका कारणले संघको उम्मेद्वार सिफारिस पेचिलो बनेको छ। एसोसिएसनमा संघका द्वितीय उपाध्यक्ष कमलदेव मल्ल, महासचिव सुजितकुमार श्रेष्ठ र पूर्व द्वितीय उपाध्यक्ष भुवनसिं गुरूङले अध्यक्षमा दाबी गरिरहेका छन् ।

एक सातायता दैनिक सहमति गराउने पहल भएपनि सहमति भएको छैन । सचिवमा पनि एक-एक वर्ष काम गर्ने गरी दई व्यवसायीलाई समेट्ने प्रयास भइरहेको बताइएको छ । उम्मेद्वारी टुंगोमा पुऱ्याउने विषय बुढानिलकण्ठसम्म पुगेको कारणले ढिलाइ भएको एसोसिएसन निकट कतिपय व्यवसायीको भनाइ छ ।

आइतबार सहमति हुन नसकेपछि पार्टी



प्रतिनिधि नेपाली कांग्रेस केन्द्रीय सदस्य सुरेन्द्र पाण्डे तथा एसोसिएसन अध्यक्ष नरेन्द्र प्रसाद ढकाललाई संघमा उम्मेद्वार छान्ने जिम्मेवारी दिइएको श्रोतले बतायो । दुवै जनाले आइतबार राति अबेरसम्म पनि उम्मेद्वारको नाम टुंगो लगाउन प्रयास गरेको श्रोतको भनाइ छ ।

एसोसिएसनले संघ र एसोसिएसनको आगामी नेतृत्वको विषयलाई एकै ठाउँमा मिलाएर छलफल चलाएको र सोही अनुसार उम्मेद्वार छनोट गर्ने बताइएको छ । सोमबार मनोनयन

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## लकडाउन अघिका मागपत्रमा अन्तिम स्वीकृति दिन शुरू

काठमाडौं/मस- वैदेशिक रोजगारका लागि आएका लकडाउन अघिका मागपत्र आगामी जेठ २१ गतेसम्ममा अन्तिम श्रम स्वीकृति लिनुपर्ने भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गतहप्ता २०७६ फागुनअघि आएका मागपत्रको अवधि ६ महिना थप गर्ने निर्णय गरेको थियो । वैदेशिक रोजगार विभागले उक्त निर्णय कार्यान्वयनमा लैजान निर्देशन

– बाँकी पृष्ठ २ मा

# चुनाव चिन्ह प्रदान

आगामी १२ माघमा हुने राष्ट्रियसभा निर्वाचनका लागि चुनाव चिन्ह दिइएको छ भने आजदेखि लागू आचारसंहिता लागू भएको छ ।

**काठमाडौं/मस-** आगामी १२ माघमा हुने राष्ट्रियसभा सदस्य चुनावका लागि आजबाट आचार संहिता लागू भएको छ । निर्वाचन आचारसंहिता-२०७२ व्यक्ति, निकाय तथा अधिकारीलाई लागू हुनेछ। आचारसंहिता पालना सम्बन्धित सबैको कानूनी तथा नैतिक दायित्व हुने भएकाले पूर्णरूपमा पालना गर्न/गराउन सम्पूर्ण सरोकारवालामा निर्देश गरेको निर्वाचनआयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए ।

उक्त निर्वाचन आचारसंहिता नेपाल सरकार र मन्त्री, प्रदेश सरकार र स्थानीय तह, प्रदेश सरकार र स्थानीय तहका कर्मचारी, सार्वजनिक संस्थाका कार्यालय तथा कर्मचारी, सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारीलाई लागू हुनेछ ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग र प्रदेश प्रहरीका कार्यालय तथा सुरक्षाकर्मी, निर्वाचनको काममा संलग्न कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ संगठनलाई समेत आचारसंहिता लागू हुने आयोगले जनाएको छ ।

उम्मेदवार तथा सम्बन्धित व्यक्ति, सार्वजनिक पदधारण गरेको व्यक्ति, पर्यवेक्षक, सरकारी तथा निजी क्षेत्रका सञ्चारमाध्यम, निजी तथा गैरसरकारी संस्था र नेपाल सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले पनि निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्नुपर्नेछ ।

निर्वाचनका लागि सबै निर्वाचन अधिकृतको कार्यालयले सबै उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरेको छ। यसअघि ती कार्यालयमा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिएको थियो । यो चुनावमा नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले गठबन्धन गरेको छ ।

काँग्रेसले ६, माओवादी केन्द्र र एकीकृत समाजवादीले ५/५, जनता समाजवादीले २ र जनमोर्चाले एक सिटमा उम्मेद्वारी दिएका छन् । एमालेले भने कोहीसँग पनि गठबन्धन नगरेकाले १९ पदमै उम्मेद्वारी दिएका छन् । प्रदेश-१ मा राप्रपा, प्रदेश-२ मा लोकतान्त्रिक समाजवादी पार्टी र बागमती प्रदेशमा नेपाल मजदुर किसान पार्टीले उम्मेद्वारी दिएका छन् ।

# झारफुकका नाममा 'माता'बाटै बालिकाको हत्या !

**काठमाडौं/मस–** काठमाडौंमै झारफुकको नाममा 'माता'बाट बालिकाको हत्या भएको आरोप लागेको छ । हत्याको आरोपमा प्रहरीले एक महिलालाई पक्राउ गरेको छ ।

सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नगरपालिका-२ घर भई भक्तपुरको मध्यपुर थिमी नगरपालिका-७ धुन्चेपाखा बस्ने १४ वर्षीया बालिका रोशनी श्रेष्ठको झारफुकको नाममा हत्या आरोपमा आफूलाई माता बताउने उर्मिला तामाङ शाहीलाई प्रहरीले पक्राउ गरेको हो । महानगरीय प्रहरी परिसर काठमाडौंका अनुसार पक्राउ पर्ने महिला रानीवन पानीट्यांकीमा झारफुक गरेर बस्दै आएकी थिइन् ।



झारफुकको नाममा ती महिलाले बालिकाको शरीरमा त्रिशुलले रोपेको आरोप लागेको छ । सोही कारण बालिकाको मृत्यु भएको हुनसक्ने भन्दै उनलाई महानगरीय प्रहरी वृत्त स्वायम्भूले पक्राउ गरी अनुसन्धान शुरु गरेको छ ।

माता बताउने महिलालाई शनिबार नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरिएको प्रहरीले जानकारी दिएको छ । टाउको दुख्ने लगायत विभिन्न समस्या भएपछि बालिकालाई उनकी आमा राधिकाले शाहीकोमा पुऱ्याएकी थिइन् ।

ती बालिकालाई करिब तीन सातादेखि 'माता'को टहरोमा लगेर राखिएको थियो । तीन सातासम्म उनकी आमाले बालिकालाई किन त्यहाँ राखिन् भन्ने विषयमा अनुसन्धान हुने प्रहरीले जानकारी दिएको छ । बालिकाको शव पोष्टमार्टमका लागि त्रिवि शिक्षण अस्पताल, महाराजगञ्जमा राखिएको छ ।

## एशोसिएसनमा...

दर्ताको समय तोकिएको छ । संघको आगामी नेतृत्वमा पठाउने सम्बन्धमा नेकपा माओवादी केन्द्र निकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च र संघीय समाजवादी निकट समाजवादी वैदेशिक रोजगार व्यवसायी संघले संघ कार्यसमितिको उम्मेद्वार टुंगो लगाएका छन् । द्वितीय उपाध्यक्ष र दुई सदस्य पाएको गणतान्त्रिक मञ्चका तर्फबाट द्वितीय उपाध्यक्षमा परमेश्वर अधिकारी र सदस्यमा केदारनाथ अधिकारी 'दिपेन्द्र'को टुंगो लागेको छ भने अर्को सदस्य सोमबारमात्र टुंगो लाग्ने बताइएको छ । तृतीय उपाध्यक्षसहित कार्यसमितिमा एक सदस्य पाएको समाजवादी वैदेशिक रोजगार व्यवसायी संघले तृतीय उपाध्यक्षमा अख्तर हुसेन र सदस्यमा प्रेमराज लावतीलाई पठाउने निर्णय शनिबार गरेको छ ।

एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनबाट आफ्नो प्रतिनिधित्व महासचिव मधुकर रिजालको नेतृत्वमा पठाउने छ । सदस्यहरूमा अनिल बोगटी, राहुल साह (कामेश्वर) र गणेश कुँवर जाने भएका छन् । प्रथम उपाध्यक्षसहित तीन सदस्य पाएको प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले हरि बहादुर पाण्डे क्षेत्री या राजेन्द्र भण्डारीको नेतृत्वमा उम्मेद्वार पठाउने बताइएको छ । तर निर्णय सोमबार बिहान हुने मञ्चका पूर्व अध्यक्ष नरेश गेलालले बताए । प्रथम उपाध्यक्षमा पाण्डे, सदस्यमा व्यवसायीहरू मिलन कट्टेल, सोमबहादुर लामा र राजेन्द्र अधिकारी जाने भएका छन् ।

## लकडाउन....

दिँदै थप भएको ६ महिनाको अवधि गत मंसिर २२ गतेदेखि शुरू भई २०७९ साल जेठ २१ गतेसम्म रहने बताएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले गतहप्ता कोरोना भाइरस महामारी अघि प्राप्त भएका डिमान्ड पुनः प्रमाणीकरण गर्न खर्चिलो, झन्झटिलो र असम्भव प्राय भएकोले व्यवहारिक कठिनाइका कारण ६ महिना कामदार पठाउन पाउने गरी म्याद थप गर्ने निर्णय गरेका थिए ।

मन्त्रालयको निर्णयले कोरोना भाइरस महामारीका कारण गरिएको लकडाउन अघि प्राप्त भएका ३० हजार बढी मागपत्र कार्यन्वयन हुने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका कार्यवाहक अध्यक्ष कमल तामाङले जानकारी दिए । युएई, कतार, कुवेत, बहराइन लगायतका देशबाट आएका मागपत्रमा कामदार जान नपाएको बताइएको छ ।

कोरोना भाइरस महामारीका कारण सरकारले २०७६ फागुन २६ गतेबाट वैदेशिक रोजगारीमा नेपाली श्रमिक पठाउन रोक लगाएको थियो ।

# फतुवा बिजयपुरको प्रमुख प्रशासकीयमा यादव

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २५ पुस



जिल्लाकै सबैभन्दा ठूलो फतुवा विजयपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको कार्यभार आइतबारदेखि शम्भु यादव सम्हालेका छन् ।

रौतहट जिल्लामा रहेका १८ पालिकामध्ये सबभन्दा धेरै वडा रहेको फतुवा बिजयपुर नगरपालिकाका ११ वटा वडा रहेका छन् । अन्य पालिकामा ९ वटा वडा रहेका छन् ।

२०५७ सालदेखि स्वास्थ्य केन्द्र सन्तपुर दोस्तियाबाट कार्य प्रारम्भ गरेका र पछिल्लो समय फतुवा बिजयपुर नगरपालिका वडा नम्बर ५ मा रहेको स्वास्थ्य कार्यालय इन्चार्ज रहेका यादवले आइतबारदेखि कार्यालयको सम्पुर्ण कार्यभार सम्हालेका हुन् । पछिल्लो समय उनी निमित्त प्रशासकीय अधिकृत रहेका थिए । उनी फतुवा बिजयपुर नगरपालिका गठन भएपछि नवौं प्रशासकीय अधिकृत भएका छन् ।

# २४ दिनदेखि हराइरहेका व्यक्तिको शव फेला

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, २५ पुस

दैलेखमा एक युवाको शव फेला परेको छ । गत मंसिर १४ गतेबाट हराएका दुल्लु नगरपालिका-७ का उपेन्द्रमान श्रेष्ठको हराएको २४ औं दिनमा शव फेला परेको हो । दुल्लुबाट सुर्खेत हिँडेको ३६ वर्षीय श्रेष्ठको शव तल्लोडुंगेश्वर सियाकोट सडक खण्डको गुराँस गाउँपालिका-२ जकत्रे खोलामा सडकबाट अन्दाजी दुई सय मिटर तल शव फेला परेको दैलेख प्रहरीले जनाएको छ ।

प्रहरी र आफन्तले खोजविन गर्ने क्रममा आइतबार शव सडेको अवस्थामा फेला परेको दैलेख प्रहरी प्रमुख भुवेश्वर साहले मध्यान्हलाई बताए । श्रेष्ठको शव नजिकै कर्णाली प्रदेश ०२ प ६६५८ नम्बरको मोटरसाइकलसमेत प्रहरीले बरामद गरेको छ । घटना के कारणले भएको भन्ने एकीन भएको छैन । घटनाबारे थप अनुसन्धान भइरहेको र शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल दैलेख ल्याइएको प्रहरी प्रमुख साहले बताए ।


## SAUDI मा रोजगार

१. कम्पनी: GHASIQ AL-AAMAL OPERATION AND MAINTENANCE COMPANY. शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०९/२५ चलानी नं.: ६०१७२४३३ LT. No.: 255685

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५६,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: UNITED MACHINERY RESOURCE CO. शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०९/२० चलानी नं.: ६०१७२१५८ LT. No.: 255353

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Road Equipment Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५६,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ ३ गते (17 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | २ को निःशुल्क १ को रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ९११/०६७/०६८

**भिक्टोरी नेपाल प्रा. लि.**

महाराजगंञ्ज, चक्रपथ, बाँसबारी गंगालाल हस्पीटल भन्दा एक स्टेशन अगाडी
गोल्फुटार चोकको कृषि बिकाश बैंक बसेको भवन, काठमाडौं, फोन: ४३७७२४४, ९८४१७६५६२३, ९८५११३९१९२



### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०९/२६

यस कम्पनीको मिति २०७४/०७/१५ मा सम्पन्न विशेष/वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **ग्लोबल एजुकेशन एण्ड माइग्रेशन सोलुसन प्रा.लि. (प्रा.लि. नं. १६९४९६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/०७/२२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ग्लोबल एजुकेशन एण्ड मुभिङ्ग एब्रोड सोलुसन प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/१२/२५ मा दर्ता भएको **प्रा.लि. नं. १३४४९३** को **याले आइस सोलुसन्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०९/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८/०९/२६

यस कम्पनीको मिति २०७५/१२/२९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **पेप अप डान्स ईन्क प्रा.लि. (प्रा.लि. नं. १११२५९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७५/०८/१३ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **पेप अप नेपाल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## कुवेतमा रोजगार

१. कम्पनी: ENTREPRENEUR RESTAURANTMANAGEMENT COMPANY WLL शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७८/०९/२५ चलानी नं.: ६०१७२४३५ LT. No.: 255827

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier/Hostess | 15 | 0 | सम्बन्धित काममा दक्ष | 155 | ६०,७२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Crew | 15 | 0 | | 120 | ४७,०१४ | | | | | | | |

२. कम्पनी: BIO SUPERMARKET COMPANY शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७८/०९/२५ चलानी नं.: ६०१७२४३४ LT. No.: 255828

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Baker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५८,७६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Barista | 3 | 3 | | 130 | ५०,९३२ | | | | | | | |
| 3. | Cashier | 3 | 3 | | 155 | ६०,७२७ | | | | | | | |
| 4. | Light Driver | 6 | 0 | | 150 | ५८,७६८ | | | | | | | |
| 5. | Retail Supervisor | 3 | 0 | | 200 | ७८,३५८ | | | | | | | |
| 6. | Salesman | 5 | 0 | | 135 | ५२,८९१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ ३ गते (17 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**

सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ४११२७१३, ४११२७१४, मो.: 9818394474, 9802099411
9802099412, 9823325539, 9813344450
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com

Gov. lic. No. 793/065/66


## सुर्नया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

रौलेश्वर, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रकाशित सूचना :२०७८/९/२६ गते)

यस कार्यालयको मिति २०७८।६।२४ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना तथा www.bolpatra.gov.np/egp समेत प्रकाशित सुचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक बोलपत्र सारभुतरुपमा प्रभावग्राही भई आर्थिक बोलपत्र खोल्नको लागि निर्णय भई आए बमोजिम सार्वजनिक खरिद नियमावलि २०६४ (संशोधन सहित) को नियम ३१ ङ (५) बमोजिम तपसिलमा उल्लेखित मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

तपसिल :

| S.N | Contract no | Description of Works | Name of Substantially Responsive Bidder (Technical bid) | Remarks |
|---|---|---|---|---|
| 1 | NCB/SRM/ BAITADI/1/2078/079 | Construction of 10 Bed Hospital Building | C.M./S.K./SHIBLING Joint Venture Bedkot 9,Kanchanpur,Nepal | |

**आर्थिक प्रस्ताव खोलिने मिति,समय र स्थान :**

१. मिति : २०७८।१०।०३ गते ।
२. समय : १२:०० वजे ।
३. स्थान : सुर्नया गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रौलेश्वर ,बैतडी ।

**कमलापति भट्ट**
**प्रमुख प्रशासकीय अधिकृत**

## बेशीसहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बेशीसहर, लमजुङ्ग
गण्डकी प्रदेश, नेपाल

### वडा कार्यालय भवन निर्माण सम्बन्धी कार्यको दरभाउपत्र आव्हान सम्बन्धी ई–विडिङ्गको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७८/०९/२६ गते)

वेशीसहर नगरपालिका अन्तर्गत देहायका कार्यहरुका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो दरभाउपत्र सुचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले ई–विडिङ्ग मार्फत दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ । दरभाउपत्र सम्बन्धी थप जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेव साइट bolpatra.gov.np/egp वा यस कार्यालयको सूचनापाटी तथा कार्यालयको वेभ साईट www.besisaharmun.gov.np मा हेर्न सकिने छ । साथै कार्यालय समय भित्र यस नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ । ठेक्काको विवरण यस प्रकार छ ।

| IFB No | Work Description | Estimated Amount NRs | Bid Security Amount NRs | Bid document price NRs |
|---|---|---|---|---|
| Besishahar/ Lamjung/ Works/03/078-79 | Construction of Ward office building , Ward No 5 | 1467596.70 | 37500 | 1000 |

**प्रमुख प्रशासकीय अधिकृत**
**वेशीसहर नगरपालिका**

## फेदाप गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश,नेपाल

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धि आशयपत्र

(सुचना प्रकाशित मिति २०७८/०९/२६)

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट दोस्रो पटक मिति २०७८/०९/१२ गते प्रकाशित सुचनानुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये मुल्याङ्कन हुदाँ तपशिल बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र सबैभन्दा न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३, को दफा २७ को (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आसयको सुचना उक्त बोलपत्रदाता तथा सम्बन्धित अन्य सबैको जानकारीको लागि ७ (सात) दिने सुचना प्रकाशन गरिएको छ ।

| क्र.स. | ठेक्काको बिबरण | बोलपत्र दाताको नाम | कबोल रकम भ्याट सहित |
|---|---|---|---|
| १ | सौर्य सडक बत्ति जडान सम्बन्धि कार्य | दिप ज्योति ट्रेड लिङ्क, मोरङ | ७९८४००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**

## धुनीवेशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

वाग्मति प्रदेश, नेपाल

### वोलपत्र स्वीकृत सम्वन्धी आशयको सुचना

(सूचना प्रकाशित मितिः २०७८/०९/२६)

यस धूनीवेशी नगरपालिकाभित्र पर्ने नौविसे केरावारी थली मनकामना सडक मर्मत सूधार गर्ने कामका लागि मिति २०७८/०८/०९ गते नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित वोलपत्रको सुचना अनुसार E–Bidding को माध्यामवाट पेश हून आएका देहाय वमोजिमका वोलपत्रदाताको वोलपत्र न्यूनतम मुल्यांकित तथा सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतका लागि छनोट गर्ने निर्णय भएको हूंदा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफ २७ को उपदफ २ को प्रयोजनार्थ सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.न. | ठेक्का नं. | कामको विवरण | वोलपत्रदाताको नाम तथा ठेगाना | कवोल अंक भ्याट सहितको रु. |
|---|---|---|---|---|
| १. | ९/Road/DM/ ७८/७९ | नौविसे केरावारी थली मनकामना सडक मर्मत सूधार गर्ने काम | टाइम्ली कन्स्ट्रक्सन चिसापानी -५, हेटौंडा | १९,६६,७११।४३ |

# विकास ल्याउन एमाले नै चाहिन्छ : ओली

मध्यान्ह संवाददाता
काठमाडौं, २५ पुस



पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले देश विकास गर्न नेकपा एमाले चाहिएको बताएका छन् । उनले झापाको शिवसताक्षी नगरपालिका-८ झिलझिलेमा वाटर किङडम पार्कको आइतबार उद्घाटन गर्दै एक वर्षपछि एमालेको सरकार आउने र त्यसपछि पाँच वर्ष सत्तामा रहँदा विकास निर्माणको अहिलेसम्म नभएको लहर ल्याउने बताए ।

उनले आउँदो निर्वाचनमा जनादेशबाट एमालेको एकल बहुमतको सरकार स्थापित हुने समेत दाबी गरे । उनले आफू प्रधानमन्त्री भएको बेला सुरु गरिएका हजारौं विकास निर्माणका आयोजना अहिलेको सरकारले बजेट नदिएर ठप्प तुल्याएको आरोप लगाए ।

प्रदेश नं १ पर्यटकीय दृष्टिले समृद्ध रहेको चर्चा गर्दै उनले पर्यटन विकासका लागि पचासौं करोड लगानी हुनु खुसीको विषय भएको बताए । कोभिडका कारणले केही समय अन्योल सिर्जना हुँदा निराश नहुन भन्दै उनले समयक्रममा पर्यटक आउने दिनको प्रतीक्षा गर्न आग्रह गरे । दुई बिघा जग्गामा फैलिएको वाटर पार्कमा स्थानीय उद्यमी राजकुमार सङ्गौला र उनको परिवारको रु ५० करोड लगानी रहेको छ । त्यस्तै अध्यक्ष ओलीले झापाको भद्रपुर-१० चन्द्रगढीस्थित शहीद मनोज झपेन्द्र स्मृति सामुदायिक राष्ट्रसेवक भवनको पनि उद्घाटन गरेका छन् । भवन उद्घाटन गर्दै उनले भ्रष्टाचारलाई घृणा गर्न राष्ट्रसेवक कर्मचारीलाई आग्रह गरेका छन् ।

'देशको गरिमा उच्च पार्न र मुलुकलाई विकसित बनाउनका लागि भ्रष्टाचारलाई जरैदेखि हटाउन आवश्यक छ,' उनले भने, 'भ्रष्टाचारलाई घृणा गर्नुहोस्, ढिलासुस्ती नगरेर जनताको मन जित्नेगरी काम गर्नुहोस् ।' अध्यक्ष ओलीले मानिस कुनै न कुनै राजनीतिक विचारबाट प्रेरित हुने गरेको बताउँदै कर्मचारी पनि त्यसबाट भिन्न नरहेको उल्लेख गरे । उनले भने, 'काम गर्ने बेलामा कर्मचारीले निरपेक्ष भएर जनताको काम गर्नुपर्छ, कर्मचारी संयन्त्र जनताको सेवा गर्ने संयन्त्र हो ।'

अध्यक्ष ओलीले राजनीतिक परिवर्तनमा कर्मचारीको योगदान उच्च रहेको उल्लेख गर्दै लोकतन्त्र खोसिएको अवस्थामा कर्मचारी सङ्कट मोचनमा अग्रसर भएको बताए । उनले कर्मचारीको हकहितका लागि लोकतान्त्रिक मान्यतालाई संरक्षण र सम्बर्द्धन गर्दै अघि बढ्नुपर्नेमा जोड दिए । अध्यक्ष ओलीले चुनावमा निष्पक्ष रुपमा काम गर्न राष्ट्रसेवक कर्मचारीलाई आग्रह समेत गरे । नेपाल निजामति कर्मचारी सङ्गठन झापा र राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था भद्रपुरको अगुवाइमा भवन निर्माण भएको भवन निर्माण समितिका संयोजक लक्ष्मीप्रसाद गुरागाईंले बताए । दुई तले भवनको कूल लागत रू एक करोड ८८ लाख नौ हजार ५७० रहेको छ । भवनको शिलान्यास एमाले अध्यक्ष ओलीले नै २०७० माघ ५ गते गरेका थिए ।


## साउदीमा रोजगार | कम्पनी: NAYEF MISHAL MABROUK AL KRIBANI AL AZMI & HIS PARTNERS

शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०७/०८ चलानी नं.: ६०१६६२१८ LT. No.: 245613 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor Architect | 1 | 0 | स. काममा दक्ष | 1200 | ३७,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ माघ ३ गते (17 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ALON OVERSEAS PVT. LTD.** Govt. Lic. No. 1464/074/075
Sinamangal-9, Kathmandu, Tel : 4482413, 4497053
Email: hr.pms860@gmail.com | Website: www.alonoverseas.com

## UAE र QATAR मा रोजगारको अवसर

१. कम्पनी: PURE CLEANING शहर: UAE
पूर्व स्वीकृत मितिः २०७८/०७/१० चलानी नं.: ६०१६६४२१ L.T. No.: 248796 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 30 | स. काममा दक्ष | 1000 | ३२,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: IBRAHIM AL FAYAD TRAD CONT शहर: QATAR
पूर्व स्वीकृत मितिः २०७८/०५/१७ चलानी नं.: ६०१६२३१९ L.T. No.: 244980 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1900 | ६१,८८३ | | | | | | | |

३. कम्पनी: CENTRAL INN शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०१/०६ चलानी नं.: ६०१५७५६६ L.T. No.: 239469 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour Services | 5 | 5 | | 1000 | ३२,५७० | | | | | | | |
| 3. | Maint Technician | 4 | 0 | | 1200 | ३९,०८४ | | | | | | | |
| 4. | Air Cooler Technician | 2 | 0 | | 1200 | ३९,०८४ | | | | | | | |
| 5. | Hotel Services | 0 | 5 | | 1000 | ३२,५७० | | | | | | | |

४. कम्पनी: ADVANCED TECHNOGIES AND SOLUTIONS शहर: QATAR
पूर्व स्वीकृत मितिः २०७८/०६/०८ चलानी नं.: ६०१६३७०८ L.T. No.: 246420 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४२,३४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Technician | 5 | 0 | | 1300 | ४२,३४१ | | | | | | | |
| 3. | Painter | 5 | 0 | | 1300 | ४२,३४१ | | | | | | | |
| 4. | Electrician | 1 | 0 | | 1300 | ४२,३४१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ ३ गते (17 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512, Email: info.royal1034@gmail.com

## साउदीमा रोजगार | कम्पनी: JADDARAH RECRUITMENT COMPANY

शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०५/२८ LT. No.: 245083 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forklift Driver | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५६,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Normal Worker | 50 | 0 | | 1000 | ३१,६०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ ३ गते (17 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**
श्रम इजाजत नं. ५२३/०६१/०६२
पो.ब.नं.: ९०३३, सामाखुसी-२९, काठमाडौं, फोन नं.: ०१-४३८८८६६, ४३८८८०८, ४३६४३३८, ४३५७६३१, फ्याक्स: ४३८१११७ मो. ९८५१२८४४५३, ९८४३८८१४८९, डाईरेक्ट नं. ४३८५४९९
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com


# Invitation for Bids

## PANCHKHAL MUNICIPALITY
## OFFICE OF MUNICIPAL EXECUTIVES

PANCHKHAL, KAVREPALANCHOK
BAGMATI PROVINCE, NEPAL
**Date of publication: 2078/09/26**

Panchkhal Municipality invites electronic bids from Nepalese eligible bidders for the construction works (as mentioned in table below) under National Competitive Bidding procedures.

| S. N. | IFB NO. | Description of work | Estimated Amount (with VAT) NRs | Bid security amount (NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|---|
| 1 | PMW1/RC/04/078/079 | Dhong Gau Mane – Sichai Pokhari – Ghumaune Chaur Road-Dhong Gau Road and Mayal Danda Road Upgrading | 21,65,816.09/- | 50,000/- | 3,000/- |
| 2 | PMW1/CC/05/078/079 | Chhap Aashikhola Khet and Aashikhola Halede Baketar Sichai | 18,87,677.24/- | 45,000/- | 3,000/- |
| 3 | PMW2/RC/04/078/079 | Khokbesi Devisthan - Devisthan Jyamirkot Road Upgrading | 18,88,933.43/- | 45,000/- | 3,000/- |
| 4 | PMW2/RC/05/078/079 | Sahale Khanigau Road Upgrading | 9,39,122.10/- | 25,000/- | 3,000/- |
| 5 | PMW3/RC/05/078/079 | Kafledihi - Ryale Road Upgrading | 19,12,381.32/- | 45,000/- | 3,000/- |
| 6 | PMW3/RC/06/078/079 | Jaldhunge Box Culvert Road Upgrading | 19,26,787.74/- | 45,000/- | 3,000/- |
| 7 | PMW3/CW/07/078/079 | Tarako Dam Construction | 25,21,071.53/- | 60,000/- | 3,000/- |
| 8 | PMW3/RC/08/078/079 | Rampur Kharkachaur Mothapati and Kumaitar Ryale Road Upgrading | 15,07,993.02/- | 35,000/- | 3,000/- |
| 9 | PMW4/RC/07/078/079 | Way to golamdevi mandir, lamidanda water tank army barrack,tallo tamaghat dhal nikas | 13,92,173.12/- | 35,000/- | 3,000/- |
| 10 | PMW4/BC/08/078/079 | Lamidanda Yoga Bhawan | 11,22,162.53/- | 30,000/- | 3,000/- |
| 11 | PMW4/RC/09/078/079 | Krishna Mandir –Satyadevi Mandir Road Upgrading | 9,28,249.78/- | 25,000/- | 3,000/- |
| 12 | PMW5/RC/05/078/079 | Khawa Tamangau Road Upgrading | 12,98,985.88/- | 30,000 /- | 3,000/- |
| 13 | PMW5/RC/06/078/079 | Khawa and Khawa Ba rako Bot Road Upgrading | 17,62,344.00/- | 45,000/- | 3,000/- |
| 14 | PMW6/RC/06/078/079 | Bakhreldihi cowfarm deep boring Road Upgrading | 16,84,230.97/- | 45,000/- | 3,000/- |
| 15 | PMW6/RC/07/078/079 | Tinpiple - Bakhreldihi (Paudelthok), ward office - pipalbot Road Upgrading | 22,25,604.45/- | 56,000/- | 3,000/- |
| 16 | PMW6/RC/08/078/079 | Karki mill Jhiganpur Road Upgrading | 18,56,210.12/- | 45,000/- | 3,000/- |
| 17 | PMW6/RC/09/078/079 | 38 kilo-Bhamarkot School and Kolako Chaur-Jyamdel Besi Road Upgrading | 21,50,275.00/- | 55,000/- | 3,000/- |
| 18 | PMW7/RC/03/078/079 | Dudamukh Canal and Natyashwori Simalghari Road Upgrading | 11,25,414.18/- | 30,000 /- | 3,000/- |
| 19 | PMW7/CW/04/078/079 | Chakhola Jorpiple Well Protection Works | 7,55,120.40/- | 20,000 /- | 3,000/- |
| 20 | PMW7/CW/05/078/079 | Kitini park nirman | 6,28,053.51/- | 15,000/- | 3,000/- |
| 21 | PMW8/BC/03/078/079 | Dharma sing smriti bhawan and bagale thapa bhawan | 13,04,196.55/- | 35,000/- | 3,000/- |
| 22 | PMW9/RC/05/078/079 | Chapako Bot Gairigau Road, Bhansepokhari Gaigau Chaar Pipal Road And Mane – Dhondrekhola Khadka Tol Road Upgrading | 26,40,804.11/- | 65,000/- | 3,000/- |
| 23 | PMW9/RC/06/078/079 | Maske Tole majhuwa Danda Road, Beleshwor Mahadev Mandir – Rmache Devisthan Road , Bhetwal Thok Dalit basti Road and Swawarneshwori Kharane Simradi Road Upgrading | 33,69,210.31/- | 85,000/- | 3,000/- |
| 24 | PMW11/RC/04/078/079 | Baskote Shikharkateri Road Upgrading | 13,88,156.04/- | 35,000/- | 3,000/- |
| 25 | PMW11/RC/06/078/079 | Birta Dam and Kharane Dam Construction | 21,01,544.08/- | 50,000/- | 3,000/- |
| 26 | PMW11/BC/01/078/079 | Basu Smriti Building and Fedi Community Building Construction | 19,46,337.68/- | 50,000/- | 3,000/- |
| 27 | PMW11/BC/02/078/079 | Satdobato Building Construction | 9,42,590.40/- | 22,000/- | 3,000/- |
| 28 | PMW12/RC/03/078/079 | Aapko bot - ward office, padheri bhitri khampur road , bakultar - siran tole, devisthan - khampur road upgrading | 21,37,029.14/- | 55,000/- | 3,000/- |
| 29 | PMW12/RC/04/078/079 | Devbhumi khola and khahare khola causeway nirman | 12,06,184.02/- | 32,000/- | 3,000/- |
| 30 | PMW12/RC/05/078/079 | Kaskote khahare gau,dhun dhune jaretar, tinghare- thulogau, bikramtar bhitri road upgrading | 33,67,495.80/- | 85,000/- | 3,000/- |
| 31 | PMW12/RC/06/078/079 | Thakuri gau karketar road upgrading | 9,21,662.31/- | 24,000/- | 3,000/- |
| 32 | PMW13/RC/05/078/079 | Basuki Serabesi Road Upgrading and well protection work | 17,70,133.52/- | 45,000/- | 3,000/- |

| Office code | Name of the bank, office account no | Time and place for Pre bid meeting | Last date for bid submission | Bid opening date | Bid/Bid security Validity period (days) |
|---|---|---|---|---|---|
| 30-365-15 | Nepal Bank ltd., Panchkhal Branch 12403000001001000001 (ग१.१ पाँचखाल न. पा., आन्तरिक राजश्व खाता)(for bid fee) 12403000003000000001 (for bid security) धरौटी खाता | Panchkhal Municipality Office at2:00 PM, 2078/10/10 | on or before 12:00 Noon on 2078/10/26 | 2078/10/26 at 1:00 PM, at the office of Panchkhal Municipality. | 90/120 |

Eligible Bidders may obtain further information at the office of Panchkhal Municipality, Panchkhal, panchkhal.municipality@gmail.com, 011499453 or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## सम्पादकीय

# खतराको घण्टी !

कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (सीसीएमसी) को आइतबार बसेको बैठकले प्रतिबन्धात्मक व्यवस्था लागू गर्न सरकारलाई सिफारिस गरेको छ । कोरोना संक्रमणको दर बढेर गएको र नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण देखिएपछि सीसीएमसीले प्रतिबन्धात्मक व्यवस्था लागू गर्न सरकारलाई सिफारिस गरेको छ । सीसीएमसीको निर्णय अनुसार, सार्वजनिकस्थलमा हुने राजनीतिक कार्यक्रम रोक्नुपर्नेछ । साथै २५ जना भन्दा बढी भीडभाड हुने प्रकृतिको कार्यक्रम रोक्न प्रशासनलाई कदम चाल्न पनि सिफारिस गरेको छ । स्थानीय प्रशासनले पनि कार्यक्रमको प्रकृति हेरेर निर्णय लिन आग्रह गरेको छ । होटल, रेष्टुरेन्टहरूमा कोरोना खोप कार्ड देखाएर मात्रै सहभागी गराउनुपर्ने निर्णय गरेको छ । विद्यालयहरू आगामी १५ माघसम्म बन्द गर्न पनि सरकारलाई सिफारिस गरेको छ । आन्तरिक उडानमा पनि खोप कार्ड अनिवार्य गरेको छ ।

दक्षिण अफ्रिका भएर फैलिएको नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण समुदाय स्तरमा पुगेको अनुमान सहित प्रतिबन्धात्मक निर्णय लिन सीसीएमसीले सिफारिस गरेको छ । बिहीबार नेपालमा २४ जनामा ओमिक्रोन पुष्टि भएको थियो । छिमेकी भारतमा ठूलो संख्यामा ओमिक्रोन देखिएपछि नै सरकारले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको थियो । तर सामान्य अवस्थाकै जस्तो गतिविधि हुँदै आएको थियो । बिहीबारदेखि संक्रमणदर समेत उच्च देखिएपछि आइतबार सीसीएमसीको बैठक बसेको थियो । बैठकले उच्च सतर्कता अपनाउनुपर्ने निर्णयहरू गरेको छ । सीसीएमसीको सिफारिस कार्यान्वयनसँगै केही हदसम्म रोकथामको प्रयत्न हुनेछ ।

तर रोकथामको आवश्यक सतर्कता अपनाउने र आम नागरिकका निम्ति आह्वान गर्ने काम भने फेरि पनि राजनीतिक नेतृत्वको हो । कार्यकारी प्रमुख देखि राजनीतिक नेतृत्वले गर्ने गतिविधि र दिने सन्देशले कोरोना रोकथाममा सहयोग पुग्नेछ । अहिले जसरी राजनीतिक गतिविधि भइरहेको छ, त्यसलाई रोक्नु सवैभन्दा पहिलो दायित्व हो । किनभने अघिल्ला वर्षहरूमा पनि राजनीतिक नेतृत्वको गैरजवाफदेही शैलीकै कारण कोरोना प्रकोप रोकथाममा समस्या देखिएको थियो । पहिलो लहर भन्दा दोस्रो लहरको प्रकोपले धेरै मानवीय तथा आर्थिक क्षति पुगेको थियो । त्यसैले अघिल्ला वर्षको सिकाइका आधारमा राजनीतिक तथा प्रशासनिक नेतृत्वले आवश्यक सुझबुझ देखाउन आवश्यक छ । नागरिकको जीवनरक्षा सवैको दायित्व भएकाले यसतर्फ उचित ध्यान दिन जरूरी छ ।

# शिक्षा क्षेत्रमा जनशक्ति व्यवस्थापनको सवाल

हरेक किसिमको सार्वजनिक सेवाका जनशक्ति राज्यलाई चाहिन्छ । देशको जनशक्ति उत्पादन र विकास तथा प्रयोगका पक्षमा सार्वजनिक सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन विषयसम्बद्ध ऐन कानूनहरुको ठूलो भूमिका हुन्छ ।

अग्रलेख



● ईश्वरीप्रसाद पोखरेल

शासन प्रणालीमा सुशासन, पारदर्शिता र जबाफदेहिता कायम गर्न, गराउन संवैधानिक प्रतिबद्धता व्यक्त गरिएको हुन्छ । मुख्य अंगहरु कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका र संवैधानिक आयोग, निकायहरूमा स्वायत्त व्यवस्था गरिएको हुन्छ । ती निकायहरूलाई अनुशासित तथा जिम्मेवार तुल्याउन आन्तरिक संगठन संरचना निर्माण तथा कार्य विवरणसहित पदाधिकारी नियुक्त पनि हुन्छन् । कार्यपालिका मातहत पनि राष्ट्रिय अनुसन्धान विभाग, राजस्व विभाग, सम्पत्ति शुद्धीकरण विभाग, राष्ट्रिय सतर्कता केन्द्र क्रियाशील छन् । न्यायपालिका तथा व्यवस्थापिका मातहत पनि न्यायिक तथा संसदीय समितिहरूको व्यवस्था गरिएका छन् । स्वायत्त, स्वतन्त्र र संवैधानिक कार्य क्षेत्रको निष्पक्ष भूमिका बहन गर्ने संवैधानिक आयोगहरू देशमा दर्जन संख्यामा स्थापित छन् । चौथौं अंगका रूपमा सशक्त प्रभावकारी सञ्चार श्रव्य, दृश्य तथा छापाका तथा अनलाइनका सयौं संस्थागत निकायका जगतमा हजारौं सञ्चारकर्मी पनि निरन्तर क्रियाशील छन् । तापनि राज्यको आर्थिक सुशासन कार्यसम्पादन र खर्च नतिजाबिचको तालमेलमा प्रश्न उठिरहेको हुन्छ । जहाँ जनशक्ति व्यवस्थापनको सवाल निकै महत्वपूर्ण भएर रहन्छ ।



### जनशक्ति विकास तथा व्यवस्थापनका सवाल

हरेक किसिमको सार्वजनिक सेवाका जनशक्ति राज्यलाई चाहिन्छ । देशको जनशक्ति उत्पादन र विकास तथा प्रयोगका पक्षमा सार्वजनिक सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन विषयसम्बद्ध ऐन कानूनहरुको ठूलो भूमिका हुन्छ । जनशक्ति उत्पादन तथा विकासका पूर्व तयारीका चरणदेखि खपतका समय तथा नतिजा प्राप्तिसम्मका नीति, योजना तथा कार्यान्वयन कार्यक्रमहरूको मुख्य आधार नै निजामती सेवा ऐनलाई आधार मानेर विश्लेषण गर्नुपर्ने हुन्छ । यसर्थ, जनशक्ति आवश्यकता, पहिचान र प्रक्षेपणका विषयमा राज्यको जिम्मेवार नेतृत्वको ध्यानाकर्षण हुनै पर्दछ ।

जनशक्ति विकास सम्बन्धमा संघ, प्रदेश तथा स्थानीय तहको सम्भावित दृष्टिकोण, उद्देश्य तथा रणनीति के हुने ? विद्यमान सार्वजनिक सेवामा कार्यरत जनशक्ति विकास र व्यवस्थापनका पक्षमा के-कस्तो सुधार गर्ने ? संवैधानिक कार्यक्षेत्रभित्र रही के-कस्तो कार्ययोजना, रणनीति, कार्यनीति बनाउने ? जनशक्ति विकासका लागि आर्थिक लगानीको स्रोत जुटाउन भावी योजना तथा नीति, रणनीति एवम् कार्यनीति तथा कार्यक्रमहरूमा के-के अवलम्बन गर्ने ? जस्ता विषयहरु स्पष्ट हुनुपर्दछ ।

### सार्वजनिक सेवा प्रभावकारिताको सवाल

सार्वजनिक सेवामा देखिएका मुख्य समस्याहरू समाधान गर्न नेतृत्वको जनशक्ति विकास तथा व्यवस्थापनमा समग्र पक्षको अध्ययन, विश्लेषण, यथार्थपरक योजना, कार्ययोजना कार्यान्वयन मापदण्ड विकास पारदर्शीता, सर्वस्वीकार्य प्रोत्साहनजनक वातावरण सिर्जना गर्नु, गराउनु राज्यको सर्वोच्च राजनीतिक तथा प्रशासनिक नेतृत्वदायी अभिभावकीय भूमिका हुने देखिन्छ । तर, हाम्रो सन्दर्भमा सुशासनका आधार मानिने राज्यको प्रशासनिक अवस्थामाथि संवैधानिक आयोगहरूका यी प्रतिवेदनहरू लोकसेवा आयोग, महालेखा परीक्षक तथा अख्तियार दुरुपयोग तथा अनुसन्धान आयोगको टिप्पणी तथा गुनासो अध्ययन गर्नै पर्दछ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई नेपाल सरकार कार्य विभाजन नियमावलीबाट प्राप्त कार्यादेश 'मानव संसाधन, आवश्यकता प्रक्षेपण, राष्ट्रिय शैक्षिक योजना एवम् मानव स्रोत विकास योजना' छ । मन्त्रालयको कार्य विवरणमा शिक्षा, विज्ञान तथा प्रविधि र योजनाहरूको अध्ययन तथा अनुसन्धान गर्ने, जनशक्तिको प्रक्षेपण गर्ने, उत्पादन गर्ने र योजना र कार्यक्रम विकास गर्नेसँग सम्बन्धित कार्यहरु । देशको लागि आवश्यक पर्ने विभिन्न प्रकारका जनशक्तिको प्रक्षेपण गर्ने, जनशक्ति विकासका लागि योजना बनाउने र जनशक्ति विकाससँग सम्बन्धित नीति, तर्जुमा गर्ने । प्रदेश तथा स्थानीय स्तरमा आवश्यक पर्ने जनशक्ति विकासका लागि समन्वयको कार्य गर्ने भनेर स्पष्ट तोकेको छ ।

> सार्वजनिक सेवामा देखिएका मुख्य समस्याहरू समाधान गर्न नेतृत्वको जनशक्ति विकास तथा व्यवस्थापनमा समग्र पक्षको अध्ययन, विश्लेषण, यथार्थपरक योजना, कार्ययोजना कार्यान्वयन मापदण्ड विकास पारदर्शीता, सर्वस्वीकार्य प्रोत्साहनजनक वातावरण सिर्जना गर्नु, गराउनु राज्यको सर्वोच्च राजनीतिक तथा प्रशासनिक नेतृत्वदायी अभिभावकीय भूमिका हो ।

यी कार्यादेश कार्यान्वयन गर्न मन्त्रालय अन्तर्गत जनशक्ति विकास योजना तथा समन्वय शाखा छ । शाखाका कार्य मन्त्रालय शिक्षा सम्बद्ध क्षेत्रको सम्पूर्ण जनशक्ति विकास योजना तथा नीति तर्जुमा सम्बन्धी कार्यहरू, मन्त्रालय र सो अन्तर्गतका कार्यालयहरूद्वारा कार्यान्वयन हुने शैक्षिक योजनाहरूको विश्लेषण गरी जनशक्तिको प्रक्षेपण सम्बन्धी कार्यहरू,प्रदेश तथा स्थानीय तहमा आवश्यक पर्ने जनशक्ति विकास योजनासँग सम्बन्धित रहेर समन्वय गर्ने कार्यहरू,अन्य मन्त्रालयको समन्वयमा समेत वर्तमान अवस्थाको विश्लेषण गरी आगामी दिनमा आवश्यक पर्ने क्षेत्रगत जनशक्ति विकाससँग सम्बन्धित कार्यहरू,जनशक्ति विकास योजना निर्माणका लागि विश्वविद्यालय तथा उच्च शिक्षा प्रदायक संस्थाहरूसँग समन्वय, कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धी नीति तथा योजना तर्जुमा सम्बन्धित कार्यहरू तथा मन्त्रालयले तोके बमोजिमका अन्य कार्यहरू स्पष्ट निर्धारण गरिएको छ । यसै आधारमा मन्त्रालयले विभिन्न क्षेत्रका जनशक्ति विकास अवस्था अध्ययनसम्बन्धी देहायका केही विषयहरूलाई उच्च प्राथमिकता दिन आवश्यक ठान्दछ ।

